कम्पनी दर्ता नं. ९८०९२/०६५/०६६

# समीट माइक्रो फाइनान्स डेभलपमेन्ट बैंक लि.
# Summit Micro Finance Development Bank Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्यक्षेत्र भएको)

स्था : २०६६

Tel : 977-023-541420
Tel : 977-023-544420
Fax : 977-023-541420
E-mail : banksummit@yahoo.com
Website : www.summitbank.com.np

प.सं.
च.नं.
१५८/२०७४/७५

मिति : २०७४/०४/३२

श्री नेपाल धितोपत्र बोर्ड
जावलाखेल, ललितपुर

विषय : **जानकारी गराइएको सम्बन्धमा** ।

महाशय,

प्रस्तुत विषयमा यस बैंक लिमिटेडको आठौं वार्षिक साधारण सभाले पारित गरे बमोजिम १:१ (अर्थात एक शेयर बराबर एक शेयर) हकप्रद शेयर निष्काशन गर्न यस बैंकको सञ्चालक समितिको मिति २०७४/०४/३१ गते बसेको १५४ औं बैठकको निर्णय अनुसार दोश्रो शेयर बजारमा भएको शेयर खरिद विक्रीको दाखिल खारेज मिति २०७४/०५/०९ गते बन्द गर्ने र मिति २०७४/०५/०८ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई तोकिएको कार्य दिन भित्र यस बैंकको शेयर रजिष्ट्रार सिभिल क्यापिटल मार्केट लि. सुन्धारा, काठमाण्डौमा दाखिल खारेज भई कायम भएका शेयरधनीहरुले मात्र शेयर आवेदन दिन सक्ने गरी मिति २०७४/५/१ गतेको अभियान दैनिकमा पत्रमा संलग्न विवरण बमोजिमको हकप्रद साधारण शेयर निष्काशनको लागि शेयरधनी दर्ता पुस्तिका वन्द बारेको सूचना प्रकाशन गरिने व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

भवदीय,

देवेन्द्र बहादुर बस्नेत
(कार्यकारी प्रमुख)

कार्यकारी प्रमुख

# समीट माइक्रो फाइनान्स डेभलपमेन्ट बैंक लिमिटेड

## Summit Micro Finance Development Bank Ltd.

**नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्यक्षेत्र भएको)**

बिर्तामोड न.पा.-७, झापा, नेपाल

फोन नं. : ०२३-५४४४२०, फ्याक्स नं. ०२३-५४१४२०

E-mail: info@summitbank.com.np, URL: www.summitbank.com.np

## हकप्रद साधारण शेयर निष्काशनको लागि शेयरधनी दर्ता पुस्तिका बन्द बारेको सूचना

यस समीट माइक्रो फाइनान्स डेभलपमेन्ट बैंक लिमिटेडको मिति २०७३/०९/२५ गते बसेको आठौं बार्षिक साधारण सभाबाट पारित भए बमोजिम चुक्ता पूंजी रू.७,२५,००,०००/- को आधारमा साविकका शेयरधनीहरूलाई १ : १ को अनुपातमा रू.१००/- अंकित दरको ७,२५,००० कित्ता हकप्रद साधारण शेयर निष्काशन प्रयोजनका लागि मिति २०७४/०५/०९ गते (एक दिन) शेयरधनी दर्ता पुस्तिका बन्द गरिने व्यहोरा शेयरधनीहरू लगायत सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध गर्दछौं । शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति २०७४/०५/०९ गते भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा भएको कारोबारबाट शेयर खरिद गरि तोकिएको कार्य दिनभित्र बैंकको शेयर रजिष्ट्रार **सिभिल क्यापिटल मार्केट लि.**मा पेश भएको विवरणको आधारमा कायम भएका शेयरधनीहरूले मात्र हकप्रद शेयरको लागि दरखास्त दिन पाइने हुंदा सम्बन्धित सबै शेयरधनीहरू तथा खरिदकर्ताहरूले सोही अनुसार शेयर नामसारी गर्नुहुन समेत अनुरोध गर्दछौं ।

**मिति २०७४/०५/०१ गतेको अभियान दैनिकमा प्रकाशित गर्ने ।**